## प्रेस विज्ञप्ति

काठमाडौं, १३ भदौ २०८२

### बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस, २०८२ को अवसरमा आयोगद्वारा आयोजित विशेष स्मरण कार्यक्रम सम्पन्न

बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस २०८२ को अवसरमा आज काठमाडौंमा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगले एक विशेष कार्यक्रम आयोजना गर्‍यो।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका अध्यक्ष श्री लीला देवी गडतौलाज्यूको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो। प्रमुख अतिथिको रूपमा माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजयकुमार चौरसिया, विशेष अतिथिहरूमा माननीय तप बहादुर मगर (अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग), माननीय कमला पराजुली (अध्यक्ष, राष्ट्रिय महिला आयोग), श्री महेश थापा (अध्यक्ष, सत्य निरूपण तथा मेलमिलाप आयोग) तथा माननीय महान्यायाधिवक्ता श्री रमेश बडालज्यूको उपस्थिति रहेको थियो।

उक्त कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष, गैरसरकारी संस्था महासंघका अध्यक्ष, नेपाल बार एशोसिएशनका उपाध्यक्ष, सत्य निरूपण तथा मेलमिलाप आयोगका सदस्यज्यूहरु, नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिव तथा विशिष्ट श्रेणीका पदाधिकारी र प्रतिनिधिहरू, पीडित परिवारजनहरू, नागरिक समाज तथा सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो। पीडित तथा पीडित परिवारको तर्फबाट निशा न्यौपाने तथा भक्तराज थापा (अपिल) ज्यूले बेपत्ता जस्तो भयावह अवस्था खप्नु भएका व्यक्ति तथा तिनका परिवारहरुलाई उच्च सम्मान व्यक्त गर्दै बेपत्ता जस्तो मानवीय सम्वेदनामा हामीलाई राजनीति गर्नु छैन हामी आयोगलाई रचनात्मक सहयोग गर्छौं भनी आयोगको कार्यप्रति ऐक्यबद्धता व्यक्त गर्नु भयो।

बेपत्ता पारिएका व्यक्तिका परिवारजनबाट परम्परागत दिप प्रज्वलन गरी उद्घाटन गरिएको कार्यक्रममा आयोगका सचिव श्री सूर्यराज दाहालले कार्यक्रमको उद्देश्य र महत्वबारे प्रकाश पार्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाले पीडितहरुलाई सत्य कुरा थाहा पाउने, न्याय पाउने र परिपूरण पाउने हक हुन्छ। सरकार संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुर्‍याउन

गठित दुवै आयोगलाई आवश्यक पर्ने साधन स्रोत उपलब्ध गराउन र सहयोग गर्न प्रतिबद्ध छ भन्नु भयो। आयोगहरुको नियमावलीहरु निर्माण गर्ने क्रममा रहेकोले पीडितहरु एवं आयोगका पदाधिकारीहरुलाई एकै साथ राखेर मन्त्रालयले छलफल गराई नियमावलीलाई अन्तिम रुप दिने कुराको सम्पूर्ण सहभागीलाई अवगत भयो। सर्व पक्षीय सहमतिले ऐन आएको र आयोगहरु सर्वसम्मत रुपमा गठन भएकोले आयोगहरुलाई पीडित केन्द्रित भै कार्य सम्पादन गरी संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउन शुभकामना दिनु भयो। साथै अन्तर्राष्ट्रिय बेपत्ता दिवसमा बेपत्ता पारिएका व्यक्तिहरूलाई स्मरण गर्दै उहाँहरुको योगदान प्रति उच्च सम्मान व्यक्त गर्नु भयो।

कार्यक्रमको अन्त्यमा आयोगको अध्यक्ष श्री लीला देवी गडतौलाले सबै सरोकारवाला, पीडित परिवार, प्रमुख अतिथि, अतिथीहरु र सहभागीप्रति हार्दिक आभार प्रकट गर्दै यस अवसरमा आयोगले बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरू र तिनका परिवारको अधिकार सुनिश्चित गर्ने प्रतिवद्धता जनाउँदै कार्यक्रमको समापन गर्नुभयो।

श्रृजना पोखरेल
सदस्य/प्रवक्ता

श्रृजना पोखरेल सिवाकोटी
सदस्य/प्रवक्ता